# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनैहवा, अर्घाखाँची
लुम्बिनी प्रदेश नं. ५, नेपाल


पत्र संख्या :०७७/७८
चलानी नम्बर :

मिति : २०७७/०७/१७

<u>सूचना जारी मितिः २०७७ साल कार्तिक १७ गते</u>

**विषयः विद्यालयहरुको लेखापरीक्षणको लागि आवेदन आह्वान गरिएको सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको आ.व. २०७६/०७७ को अन्तिम लेखापरीक्षण गर्नको लागि सूचना जारी भएको मितिले १५ दिनभित्र यस कार्यालयको शिक्षा शाखामा तपशिलका कागजात सहित निवेदन पेश गर्नुहुन अनुरोध छ ।

<u>तपशिलः</u>

१. पेश गर्नुपर्ने कागजातहरुः

क. निवेदन ( मोबाइल नं र इमेल ठेगाना निवेदनमा उल्लेख गर्नुपर्ने)

ख. नेपाली नागरिकताको प्रतिलिपि

ग. लेखापरीक्षण फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि

घ. लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजत पत्रको प्रतिलिपि

ङ. अद्यावधिक करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

च. आन्तरिक राजश्व कार्यालयबाट लिएको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

छ. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि वा बहालवाला नभएमा "बहालवाला कर्मचारी नभएको स्वघोषणाको व्यहोरा" निवेदनमा उल्लेख हुनुपर्ने ।

ज. लेखापरीक्षणको लागि आवेदन पेश गर्नको लागि मालारानी गाउँ कार्यपालिकाको कार्यालयमा रु. १५००/- बुझाएको नगदी रसिद

२. निवेदन पेश गर्नुपर्ने अवधिः २०७७/०७/१७ गते देखि २०७७/०८/०१ गतेसम्म कार्यालय समयभित्र ( नोटः निवेदन पेश गर्नुपर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टसमेत निवेदन दर्ता हुनेछ ।)

...................
विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

श्री सूचना प्रविधि शाखाः कार्यालयको वेवपेजमा अपलोड गर्नुहुन ।


Email : malaraniruralmun@gmail.com Website: www.malaranimun.gov.np